# बेनी नगरपालिकाको खानेपानी तथा जलश्रोत उपभोक्ता समिति सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७९

कार्यपालिकाबाट स्वीकृत मिति : २०७९ चैत्र २९ गते

**प्रस्तावना:** बेनी नगरपालिकाक्षेत्रभित्र स्वच्छ खानेपानीको पँहुच सबै नगरवासीहरुमा पुर्याउने उद्देश्यले स्वच्छ खानेपानीको व्यवस्थापन गर्न खानेपानी तथा जलश्रोत उपभोक्ता समितिहरुको स्थापना, दर्ता तथा व्यवस्थापन सम्वन्धमा व्यवस्था गर्न बाञ्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को खण्ड "ध" १ र २ मा रहेको अधिकार र सोही ऐनको दफा १०२ को अधिकार र बेनी नगरपालिकाको प्रशासनिक कार्यविधि नियमित गर्ने ऐन २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी बेनी नगरकार्यपालिकाले यो कार्यविधि पारित गरेको छ ।

## परिच्छेद - १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "बेनी नगरपालिकाको खानेपानी तथा जलश्रोत उपभोक्ता समिति व्यवस्थापन कार्यविधि, २०७९" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त लागु हुनेछ ।

**२. परिभाषा :** (१) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

क. "कार्यविधि" भन्नाले बेनी नगरपालिकाको खानेपानी तथा जलश्रोत उपभोक्ता समिति सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७९ लाई सम्झनु पर्छ ।

ख. "उपभोक्ता " भन्नाले खानेपानी संग सम्वन्धित सेवा उपयोग गर्ने व्यक्ति सम्झनु पर्छ ।

ग. "कार्यपालिका" भन्नाले बेनी नगरकार्यपालिकालाई सम्झनु पर्छ ।

घ. "नगरपालिका" भन्नाले नेपालको संविधान बमोजिम गठन भएको बेनी नगरपालिका सम्झनु पर्छ ।

ङ. "प्रमुख" भन्नाले बेनी नगरपालिकाको प्रमुखलाई सम्झनु पर्छ ।

च. "उपप्रमुख" भन्नाले बेनी नगरपालिकाको उपप्रमुखलाई सम्झनु पर्छ ।

छ. "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले बेनी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

ज. "खानेपानी तथा जलश्रोत व्यवस्थापन समिति" भन्नाले नगरपालिका भित्रका सम्पूर्ण खानेपानी तथा सरसफाइ योजनाहरुको सञ्चालन, मुल सहित आधिकारिक खानेपानी तथा जलश्रोत उपभोक्ता समिति दर्ता गर्न, महसुल निर्धारण गर्न, खानेपानी आयोजना व्यवस्थापन गर्न, निरिक्षण गर्न, अवलोकन तथा मर्मत सम्भार व्यवस्थापनमा नेतृत्वदायी भुमिका निर्वाहका लागि नगरपालिका अन्तर्गत गठन गरिने खानेपानी व्यवस्थापन समितिलाई जनाउँछ ।

झ. "खानेपानी" भन्नाले स्वच्छ पिउने पानी लाई सम्झनु पर्छ ।

ञ. "मुहान" भन्नाले नदी, नाला, खोला, धारा आदीको पानी उम्रने वा निस्कने ठाउँ वा मूललाई सम्झनुपर्दछ ।

ट. "श्रोत" भन्नाले भू-सतह वा भूमिगत रुपमा रहेको खानेपानीको स्रोतलाई सम्झनुपर्दछ ।

ठ. "संरचना" भन्नाले स्रोतबाट खानेपानी जम्मा गर्न नियन्त्रण गर्न शुद्धिकरण गर्न वा वितरण गर्न बनाईएको जलाशय र सो जलाशयले चर्चेको क्षेत्र सम्झनुपर्दछ र सो शब्दले त्यस्तै उद्देश्यले बनाईएका पानी टयाङ्की, पाइपलाइन, निकास, धारा वा त्यस्तै प्रकारका अन्य संरचना समेतलाई जनाउँदछ ।

ड. "धारा" भन्नाले खानेपानीको उपभोग गर्नको निमित्त नगरपालिका वा सो कार्यालयले कुनै व्यक्ति, संस्था वा निकायका नाममा जडान गरिदिएको धारा सम्झनु पर्छ ।

ढ. “महसुल” भन्नाले धाराको सुविधा उपभोग गरे वापत उपभोक्ताले उक्त खानेपानी संस्थालाई यस कार्यविधि बमोजिम बुझाउनु पर्ने खानेपानी सेवा महसुल सम्झनु पर्छ ।

ण. “मिटर” भन्नाले खानेपानीको खपतको परिमाण नाप्ने उद्देश्यले उपभोक्ताको पाइप लाइनमा जडान गरिने पानी मिटर लाई सम्झनु पर्छ ।

त. “खानेपानी उपभोक्ता समिति” भन्नाले विधान अनुसार गठन भई यस कार्यविधिको दफा १० बमोजिम गठित भएको खानेपानी तथा जलश्रोत उपभोक्ता समितिलाई सम्झनु पर्छ ।

थ. “मर्मत सम्भार कार्यकर्ता” भन्नाले खानेपानी योजनाको नियमित रेखदेख तथा मर्मत सम्भार गर्नको लागि समितिले नियुक्त गरेको तालीम प्राप्त हेरालु तथा मर्मत संभार कार्यकर्तालाई जनाउँछ ।

द. “उपभोक्ता” भन्नाले योजना निर्माणमा योगदान गरी धारावाट पानी उपभोग गर्ने व्यक्ति वा योजना निर्माणमा सहभागी नभएता पनि निर्माण सम्पन्न भएपछि उपभोक्ता समितिको निर्णय वमोजिम धारावाट पानी उपभोग गर्न समावेश भएको व्यक्तिलाई जनाउँछ ।

ध. “मर्मत सम्भार कार्ययोजना” भन्नाले योजनाको नियमित रेखदेख तथा मर्मत संभारको लागि उपभोक्ता भेलाद्वारा पारित गरिएको जिम्मेवारी सहितको कार्ययोजनालाई जनाउँछ ।

न. “पानी सुरक्षा योजना” भन्नाले योजनाको मुहान, संरचनाहरु, पाइपलाइन तथा घरेलु स्तरमा पानीको भण्डारण समेतमा हुनसक्ने पानीको प्रदुषण (जोखिम) को सम्भावनालाई अग्रिम रुपमा पहिचान गरी सो हुन नदिनको लागि गर्नुपर्ने प्रतिरोधात्मक कार्यहरुको विवरणलाई जनाउँछ ।

ऩ. “आमभेला” भन्नाले खानेपानी योजनावाट लाभान्वित हुने कुल घरधुरीको कम्तिमा ६७% (दुई तिहाई) घरहरुवाट प्रतिनिधित्व भएको उपभोक्ताहरुको भेलालाई जनाउँछ ।

प. “जलस्रोत समिति” भन्नाले बेनी नगरपालिकास्तरिय खानेपानी तथा जलश्रोत व्यवस्थापन समितिलाई जनाउँछ ।

फ. “दर्ता भएको” भन्नाले यस नगरपालिकाको कार्यालयमा दर्ता भएको समिति/संस्था लाई जनाउँछ ।

ब. “शाखा” भन्नाले खानेपानी तथा जलश्रोत व्यवस्थापन उपभोक्ता समिति दर्ता सम्बन्धी कार्यमा संलग्न हुने खानेपानी तथा जलश्रोत शाखालाई सम्झनुपर्दछ । खानेपानी तथा जलश्रोत शाखा स्थापना नभएसम्मका लागि सो शब्दले बेनी नगरपालिकाको प्रशासन शाखालाई जनाउँनेछ ।

भ. “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले यस कार्यविधि अन्तर्गतका विषयहरुमा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

## परिच्छेद २
## खानेपानी तथा जलश्रोत उपभोक्ता समिति सम्बन्धी व्यवस्था

**३. <u>उपभोक्ता समिति दर्ता गर्नु पर्ने :</u>** (१) स्थानीय स्तरमा सामुदायिक रुपमा खानेपानी तथा जलश्रोत, सिँचाई, वा अन्य घरेलु प्रयोगको लागि खानेपानीको समान वितरण एवं सहज उपलब्धता सुनिश्चित गराउने प्रयोजनका लागि सम्बन्धित स्थानीय समुदायको सहभागिता रहने गरी खानेपानी तथा जलश्रोत उपभोक्ता समिति दर्ता गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दर्ता नगरी कसैले पनि खानेपानी तथा जलश्रोत उपभोक्ता समिति स्थापना गर्नु हुँदैन ।

तर खानेपानी आयोजना निर्माणको कार्यमा संलग्न हुने उपभोक्ता समितिलाई नै व्यवस्थापन समितिका रुपमा रुपान्तरण गर्न चाहेमा उक्त कार्यलाई यस उपदफाले बाधा पुर्याएको मानिने छैन ।

**४. खानेपानी तथा जलश्रोत व्यवस्थापन समिति :** (१) नगरपालिका भित्र खानेपानी तथा जलश्रोत सम्बन्धी योजना तर्जुमा तथा खानेपानीको सरल, समान र सहज पहुँच सुनिश्चित गराउने प्रयोजनका लागि देहाय बमोजिमको एक नगरस्तरीय खानेपानी तथा जलश्रोत व्यवस्थापन समिति रहनेछ ।

| | |
|---|---|
| क. प्रमुख | संयोजक |
| ख. उपप्रमुख | सदस्य |
| ग. प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| घ. वन, वातावरण तथा विपद व्यवस्थापन समितिको संयोजक | सदस्य |
| ङ. सम्वन्धित वडाको वडा अध्यक्ष | सदस्य |
| च. बेनी नगरपालिकाको इन्जिनियर | सदस्य |
| छ. सम्बन्धित शाखाको प्रमुख | सदस्य-सचिव |

(२) समितिले आवश्यकता अनुसार सम्बन्धित खानेपानी तथा जलश्रोत उपभोक्ता समितिका पदाधिकारी तथा अन्य विज्ञ व्यक्तिलाई आमन्त्रण गर्न सक्नेछ ।

**५. खानेपानी तथा जलश्रोत व्यवस्थापन समितिको काम कर्तब्य र अधिकार :** (१) दफा (४) बमोजिमको खानेपानी तथा जलश्रोत व्यवस्थापन समितिको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क. बेनी नगरपालिकाभित्र नेपाल सरकार, प्रदेश सरकार तथा नगरपालिका आफ्नै स्रोतबाट सञ्चालित वा सञ्चालन गर्न सकिने योजनाहरुको सञ्चालन तथा पहिचान गर्ने ।

ख. खानेपानी मुहान वा मुल दर्ताका लागि प्राप्त निवेदन उपर सम्बन्धित शाखाबाट भए गरेका काम कारवाहीहरुको निरीक्षण गरी खानेपानी मुहान वा मुल दर्ताको निर्णय गर्ने ।

ग. खानेपानी तथा जलश्रोत उपभोक्ता समिति दर्ताका लागि प्राप्त भएका निवेदनहरुको छानबीन गरी खानेपानी तथा जलश्रोत उपभोक्ता समिति दर्ताको निर्णय गर्ने ।

घ. हाल सञ्चालित खानेपानी आयोजनाहरुको अनुगमन गरी आवश्यक निर्देशन एवं सुझाव प्रदान गर्ने ।

ङ. नगरपालिकाक्षेत्रभित्र खानेपानी महशुलको दरमा एकरुपता ल्याउन खानेपानीको न्यूनतम महशुल निर्धारण गर्ने ।

च. खानेपानी तथा जलश्रोत उपभोक्ता समितिहरुको कार्यसम्पादनको अवलोकन, निरीक्षण एवं नियमित अनुगमन गरी आवश्यक कारवाही गर्ने ।

छ. खानेपानी तथा जलश्रोत उपभोक्ता समितिले गरेका अनियमितता उपर छानबीन गरी अनियमितता भएको पाइएमा समिति पुनर्गठन वा बिघटन गर्नेसम्मका आवश्यक निर्णय एवं कार्य गर्ने ।

**६. खानेपानी तथा जलश्रोत उपभोक्ता समिति दर्ता :** (१) नेपाल सरकार, प्रदेश सरकारको अनुदान वा बेनी नगरपालिकाको आफ्नै स्रोतबाट निर्माण सम्पन्न भएका खानेपानी आयोजनाहरुको दिगो व्यवस्थापन, मर्मत सम्भार र अन्य व्यवस्थापकीय कार्य गर्ने प्रयोजनका लागि खानेपानी आयोजनाबाट लाभान्वित हुने समुदायहरुको प्रतिनिधित्व रहने गरी एक खानेपानी तथा जलश्रोत उपभोक्ता समिति दर्ता गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिमको उपभोक्ता समिति दर्ता गर्न चाहने समुदायले देहाय बमोजिमका प्रकृया पूरा गरी उपभोक्ता समिति गठन गर्न सक्नेछ ।

क. आयोजनाबाट प्रत्यक्ष लाभान्वित उपभोक्ताहरुको आम भेलाबाट अधिकतम सहभागितामा सम्बन्धित वडा समितिको पदाधिकारीको रोहबरमा आयोजनास्थलमानै सात देखि एघार (७ देखि ११ जना) सदस्यीय उपभोक्ता समिति गठन गर्नुपर्नेछ ।

ख. समिति गठनको लागि आम भेला हुने समय, मिति, स्थान र भेलाको बिषय त्यस्तो भेला हुने मितिले कम्तिमा सात दिन (७ दिन) अगावै सार्वजनिक रुपमा जानकारी गराउनु पर्नेछ ।

ग. खानेपानी तथा जलश्रोत उपभोक्ता समिति गठन गर्दा समावेशी सिद्धान्तको अवलम्वन गर्नु पर्ने छ । समितिमा कम्तिमा तेत्तीस प्रतिशत (३३%) महिला सदस्य हुनुपर्नेछ । समितिको अध्यक्ष, सचिव र कोषाध्यक्षमध्ये कम्तीमा एकजना महिला पदाधिकारी हुनुपर्नेछ ।

घ. उपभोक्ता समितिको गठन सकेसम्म सर्वसम्मत तरिकाले गर्नुपर्नेछ । सर्वसम्मत हुन नसकेमा उपभोक्ताहरुको बहुमतबाट उपभोक्ता समितिको गठन गरिने छ ।

(३) उपदफा (२) बमोजिम उपभोक्ता समिति गठन भएपश्चात समितिले देहाय बमोजिमका कागजात संलग्न गरी खानेपानी तथा जलश्रोत उपभोक्ता समिति दर्ताका लागि नगरपालिकामा निवेदन दिन सक्नेछन् ।

क. उपभोक्ता समितिको अनुसूची १ बमोजिमको निवेदन

ख. अनुसूची २ बमोजिमका विषय खुलेको खानेपानी तथा जलश्रोत उपभोक्ता समितिको विधान

ग. सम्बन्धित वडा कार्यालयको सिफारिश

घ. आम भेलाको निर्णय प्रतिलिपी

ङ. उपभोक्ता समितिका पदाधिकारीहरुको नागरिकताको प्रतिलिपी र पासपोर्ट साइजको फोटो १

(४) उपदफा (३) बमोजिमको निवेदन प्राप्त भएपछि सम्बन्धित शाखा प्रमुखले अन्य आवश्यक कागजात जाँच गर्दा सम्पूर्ण प्रकृया पुरा भएको देखिएमा उपभोक्ता समितिले दावी गरेको मुहान वा खानेपानीको विषयमा हकदावी वा दावी विरोधका लागि ३५(पैतिस) दिने सूचना प्रकाशन गर्नुपर्नेछ । यसरी प्रकाशन गरिने सूचना नगरपालिकाको सूचना पाटीका अतिरिक्त सम्बन्धित वडा कार्यालयको सूचनापाटी र बढी जनसम्पर्क हुने प्रकृतिका जिल्ला प्रशासन कार्यालय र मालपोत कार्यालयमा समेत टाँस गर्ने प्रबन्ध गर्नुपर्नेछ ।

(५) उपदफा (४) बमोजिमको सूचनाको म्याद समाप्त भएपछि शाखाले समिति समक्ष पेश गर्नुपर्नेछ । यसरी पेश भएपछि समितिले खानेपानी तथा जलश्रोत उपभोक्ता समिति दर्ताका लागि पेश भएका कागजातहरु चेकजाँच गर्न सक्नेछ ।

(६) उपदफा (३) बमोजिम प्रकाशित सूचना उपर कोही कसैबाट दावी विरोध परेको नदेखिएमा समितिले त्यस्तो उपभोक्ता समिति दर्ताको निर्णय गर्न सक्नेछ । दावी विरोध परेको भएमा सो को विवाद समाधानका लागि समितिले आवश्यकता अनुसार सम्बन्धित आयोजनास्थलको स्थलगत निरीक्षण गर्ने वा दुवै पक्षको रोहवरमा आवश्यक परामर्श एवं छलफल गर्न सक्नेछ । समिति दर्ता गर्ने वा नगर्ने निर्णय गर्ने अधिकार समितिमा रहनेछ ।

(७) उपदफा (६) बमोजिम समितिले दर्ता गर्ने निर्णय गरेको ७(सात) दिनभित्र प्रमुख प्रशासकीय अधिकृतले उक्त समिति दर्ता गरी प्रमाणपत्र जारी गर्न सक्नेछ । समितिले दर्ता नगर्ने निर्णय गरेमा सो को जानकारी सम्बन्धित उपभोक्ता समितिलाई समयमा दिने दायित्व सम्बन्धित शाखा प्रमुखको हुनेछ ।

(८) उपदफा (६) बमोजिम गरिने दर्ताको प्रमाणपत्र ढाँचा अनुसूची ३ बमोजिम हुनेछ ।

(९) कुनै स्रोतको उपभोग गर्न कुनै खानेपानी तथा जलश्रोत उपभोक्ता समिति दर्ता भईसकेपछि त्यस्तो उपभोक्ता समिति/संस्थाले उपभोग गर्ने पानीको परिमाणमा कटौती हुने गरी सोही समितिको कार्यक्षेत्रभित्र अर्को उपभोक्ता समिति दर्ता गरिने छैन।

**७. <u>खानेपानी तथा जलश्रोत उपभोक्ता समितिको नवीकरण :</u>** (१) दफा (६) बमोजिम दर्ता भएको खानेपानी तथा जलश्रोत उपभोक्ता समितिले प्रत्येक असोज मसान्तभित्र नगरपालिकाबाट नवीकरण गराउनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम नवीकरणका लागि पेश गर्ने निवेदनमा उपभोक्ता समितिको निर्णय, समिति दर्ता प्रमाणपत्रको प्रतिलिपी, लेखा परीक्षण प्रतिवेदन, सम्बन्धित वडा कार्यालयको सिफारिश समेत संलग्न गर्नुपर्नेछ ।

८. **<u>दर्ता तथा नवीकरण शुल्क :</u>** (१) यस कार्यविधि बमोजिम दर्ता वा नवीकरण गरिने खानेपानी तथा जलश्रोत उपभोक्ता समितिले देहाय बमोजिमको राजश्व बुझाएपछि मात्र दर्ता तथा नवीकरण सम्बन्धी कार्यवाही अघि बढाईनेछ ।

क. नयाँ दर्ता शुल्क : एक हजार पाँच सय रुपैयाँ मात्र

ख. नवीकरण शुल्क :

१. असोज मसान्तसम्म नवीकरण गरेमा : एक हजार रुपैयाँ मात्र

२. असोज महिना पछि सोही आर्थिक वर्षमा नवीकरण गरेमा : एक हजार दुई सय रुपैयाँ मात्र

३. नवीकरण गराउनुपर्ने अवधि व्यतित भएको २ वर्षभित्र नवीकरण गरेमा : दुई हजार रुपैयाँ मात्र

४. नवीकरण गराउनुपर्ने अवधि व्यतित भएको २ वर्षभित्र नवीकरण नगरेमा त्यस्तो संस्थाको नवीकरण गरिने छैन ।

## परिच्छेद ३
## मुहानको संरक्षण तथा पानीको प्रयोग सम्बन्धी व्यवस्था

९. **<u>मुहान संरक्षण :</u>** (१) नेपाल सरकार, प्रदेश सरकार वा बेनी नगरपालिकाको स्रोतबाट निर्माण सम्पन्न भएका खानेपानी आयोजनाहरुको दिगो उपयोग सुनिश्चित गराउन मुहानको संरक्षण गर्ने दायित्व खानेपानी तथा जलश्रोत उपभोक्ता समितिको हुनेछ ।

(२) मुहान संरक्षणको कार्य उपभोक्ताको प्रयासबाट मात्र सम्भव नभई कुनै किसिमको प्राविधिक सहयोगको आवश्यकता परेमा प्राविधिक खटाउने दायित्व नगरपालिकाको हुनेछ ।

१०. **<u>मर्मत सम्भार कोषको व्यवस्था :</u>** (१) बेनी नगरपालिका क्षेत्रभित्र विभिन्न स्रोतबाट निर्माण सम्पन्न भएका खानेपानी आयोजनाहरुको दिगो व्यवस्थापन एवं उपयोगका लागि आयोजनाबाट लाभान्वित हुने उपभोक्ताहरुबाट सेवा शुल्क वा महशुल बापत उठाईएको रकमको २० प्रतिशत रकम खानेपानी तथा जलश्रोत उपभोक्ता समितिले मर्मत सम्भार कोषमा अनिवार्य रुपमा जम्मा गर्नुपर्नेछ ।

(२) मर्मत सम्भार कोषको परिचालनका विषयमा खानेपानी तथा जलश्रोत उपभोक्ता समितिले विधानमा स्पष्ट उल्लेख गर्नुपर्नेछ ।

(३) कुनै प्राकृतिक प्रकोप वा विपदजन्य कारणबाट खानेपानीको मुहानमा ठुलो क्षति पुगेमा वा खानेपानी टयाङ्की वा निर्मित संरचना पूर्ण रुपमा भत्किएका कारण मर्मत सम्भार कोषको रकमबाट पुनर्निर्माणको कार्य सम्भव नहुने देखिएमा प्राविधिक प्रतिवेदनका आधारमा खानेपानी तथा जलश्रोत व्यवस्थापन समितिले त्यस्तो उपभोक्ता समितिको खानेपानी मर्मत सम्भारका लागि आवश्यक रकम विनियोजन गर्न नगर कार्यपालिकासमक्ष अनुरोध गर्न सक्नेछ ।

(४) खानेपानी तथा जलश्रोत उपभोक्ता समितिको मर्मत सम्भार कोषमा नगरपालिकाले खानेपानी आयोजनाले समेट्ने क्षेत्र, लाभान्वित घरधुरी संख्या र अन्य आवश्यक कुराहरुको विश्लेषण गरी कार्यपालिकाको निर्णय बमोजिमको निश्चित रकम एकपटकका लागि बिउ पुँजीका रुपमा प्रदान गर्न सक्नेछ ।

(५) खानेपानी तथा जलश्रोत उपभोक्ता समितिले आफ्नो खानेपानी मुहान वा आयोजनाको पानी सुरक्षा योजना तथा मर्मत सम्भार कार्ययोजना बनाउन सक्नेछ ।

११. **<u>खानेपानी महशुल निर्धारण :</u>** (१) यस कार्यविधि बमोजिम दर्ता भएका खानेपानी तथा जलश्रोत उपभोक्ता समितिले लगाउने खानेपानी महशुलमा एकरुपता कायम गराउन खानेपानी तथा जलश्रोत व्यवस्थापन समितिले प्रति एकाई महशुल निर्धारण गर्नेछ ।

(२) आफ्नो कार्यक्षेत्रभित्र नयाँ घर निर्माण भई उक्त घरमा समेत खानेपानी सेवा विस्तार गर्नुपर्ने भएमा सेवा विस्तार बापतको सेवा शुल्कको निर्धारण खानेपानी तथा जलश्रोत उपभोक्ता समितिले गर्न सक्नेछ । यसरी उपभोक्ता समितिले लिने सेवा शुल्कको दर विधानमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । नगरस्तरीय खानेपानी तथा जलश्रोत व्यवस्थापन समितिले सेवा शुल्कको नियमित अनुगमन गर्नेछ ।

तर, कुनै पनि उपभोक्ता समितिले आफ्नो क्षेत्रभित्र निर्माण भएको नयाँ घरमा खानेपानी विस्तार नगरिने वा नदिइने निर्णय गर्न पाउनेछैन ।

**१२. <u>सेवा शुल्क बुझाउनुपर्ने :</u>** (१) खानेपानी तथा जलश्रोत उपभोक्ता समितिबाट उपलब्ध सेवा उपयोग गर्ने उपभोक्ताले सेवा उपयोग गरे बापतको निर्धारित सेवा शुल्क बुझाउनुपर्नेछ ।

(२) निर्धारित सेवा शुल्क तोकिएको अवधिभित्र नबुझाउने उपभोक्ताको सेवा रद्ध गर्न सक्ने अधिकार खानेपानी तथा जलश्रोत उपभोक्ता समितिलाई हुनेछ ।

**१३. <u>खानेपानी वितरण सम्बन्धी व्यवस्था :</u>** (१) यस कार्यविधि बमोजिम दर्ता हुने खानेपानी तथा जलश्रोत उपभोक्ता समितिले कसैप्रति पूर्वाग्रह नराखी सबैलाई समान पहुँच र वितरण सुनिश्चित गर्नुपर्नेछ ।

(२) उपभोक्ता समितिले खानेपानीको वितरण गर्दा देहायका प्राथमिकताक्रमका क्षेत्रमा प्रयोग गर्न पाउने गरी समान वितरण गर्ने प्रबन्ध गर्नुपर्नेछ ।

क. खानेपानी तथा घरेलु उपयोग

ख. पशुपालन तथा मत्स्यपालन जस्ता कृषि जन्य उपयोग

ग. सिंचाई

घ. जलविद्युत

ङ. घरेलु उद्योग औद्योगिक व्यवसाय तथा खानीजन्य उपयोग ।

च. अन्य

## परिच्छेद ४
## विविध

**१४. <u>साधारणसभा :</u>** (१) खानेपानी तथा जलश्रोत उपभोक्ता समितिले हरेक वर्ष पौष मसान्तभित्र साधारणसभा गर्नुपर्नेछ ।

(२) साधारणसभामा पेश गर्नुपर्ने प्रस्तावमा उपस्थित सदस्य संख्याको दुई तिहाई बहुमतले स्वीकृत गरेमा प्रस्ताव पारित भएको मानिनेछ ।

**१५. <u>विधान संशोधन :</u>** (१) उपभोक्ता समितिले आफ्नो विधान संशोधन गर्नुपर्ने भएमा साधारणसभाको बहुमतबाट विधान संशोधनको निर्णय गराई तिन महले फाराम भरी विधानको संशोधित मस्यौदा खानेपानी तथा जलश्रोत व्यवस्थापन समितिमा पेश गर्नुपर्नेछ र खानेपानी तथा जलश्रोत व्यवस्थापन समितिले तत्सम्बन्धी आवश्यक जाँचबुझ गरी विधान संशोधन गर्न स्वीकृति दिन सक्नेछ ।

**१६. <u>सहयोग पुर्याउनु पर्ने :</u>** (१) आफ्नो कार्य सम्पादनको सिलसिलामा खानेपानी तथा जलश्रोत व्यवस्थापन समितिले खानेपानी तथा जलश्रोत उपभोक्ता समितिसंग जलस्रोत तथा खानेपानी संचालन संग सम्बन्धित आवश्यक तथ्याङ्क तथा विवरणहरु माग गर्न सक्नेछ । नगरस्तरीय समितिले माग गरेका सम्पूर्ण विवरण उपलब्ध गराउनु सम्बन्धित समितिको कर्तव्य हुनेछ ।

**१७. <u>समिति संगठित संस्था मानिने :</u>** (१) यस कार्यविधि अन्तर्गत दर्ता भएको समिति अविछिन्न उत्तराधिकारवाला स्वशासित एंव संगठित संस्था हुनेछ । सो समितिको सबै कामको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

**१८. <u>उपभोक्ता समितिको/संस्थाको सम्पत्ति :</u>** (१) संस्थाको चल अचल सम्पत्तिको रेखदेख सम्बन्धित उपभोक्ता समितिले गर्नुपर्नेछ । समितिको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले समितिको विधान विरुद्ध संस्थाको कुनै सम्पत्ति दुरुपयोग गरेमा, कब्जा गरेमा वा रोक्का गरेका कारण कानुनी उपचारको लागी सहजिकरण गरिदिन उपभोक्ता समितिले अनुरोध गरेमा खानेपानी व्यवस्थापन समितिले आवश्यक सहजिकरण गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको समितिको सम्पत्ति फिर्ता गर्ने गरी गरेको कारवाहीमा चित्त नबुझ्ने व्यक्तिले जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

**१९. <u>हिसाब विवरण र लेखापरीक्षण :</u>** (१) यस कार्यविधि बमोजिम दर्ता भएको खानेपानी तथा जलश्रोत उपभोक्ता समितिले आफ्नो कारोबार रकमको विवरण प्रचलित लेखाका सिद्धान्त र कार्यविधि बमोजिम राख्नुपर्नेछ ।

(२) खानेपानी तथा जलश्रोत उपभोक्ता समितिले प्रत्येक वर्ष आफ्नो कारोबारको लेखापरीक्षण दर्तावाल लेखापरीक्षकबाट आफ्नो कारोबारको लेखापरीक्षण गराउनुपर्नेछ । संस्थाले आफ्नो लेखापरीक्षण प्रतिवेदन नगरपालिकामा पठाउनुपर्नेछ ।

(३) प्रमुख प्रशासकीय अधिकृतले आवश्यक देखेमा समितिको हिसाव आफुले तोकेको कुनै अधिकृत कर्मचारीद्वारा जाँच गराउन सक्नेछ ।

(४) उपदफा (१) बमोजिम हिसाब जाँच गर्दा अनियमितता तथा कैफियत देखिन आएमा सो बारेमा प्रमुख प्रशासकीय अधिकृतले सम्बन्धित उपभोक्ता समितिलाई स्पष्टीकरण सोधी सोको क्षतिपूर्ति समेत बुझाउन लगाउनेछ ।

(५) हिसाब जाँच गर्ने व्यक्तिले मागेको विवरण तथा कागजातहरु वा सोधेको प्रश्नको जवाफ दिनु समितिका पदाधिकारी, सदस्य र कर्मचारीको कर्तव्य हुनेछ ।

**२०. <u>समितिको कार्यकाल :</u>** (१) यस कार्यविधि बमोजिमको उपभोक्ता समितिको कार्यकाल निर्वाचन भएको मितिले दुई बर्षको हुनेछ । समितिले आफ्नो कार्यकाल सकिएको मितिले ३ महिना भित्र नयाँ कार्यसमितिका लागि निर्वाचन गराईसक्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम समितिले निर्धारित समयमा निर्वाचन सम्पन्न गराउन नसकेमा वा नगराएमा खानेपानी तथा जलश्रोत व्यवस्थापन समितिले उक्त उपभोक्ता समितिलाई निर्वाचन गराउन निर्देशन दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम दिईएको निर्देशन पालना भएको नपाइएमा व्यवस्थापन समितिले त्यस्तो उपभोक्ता समितिको बैंक खाता रोक्का राख्नुका साथै अन्य आवश्यक कारवाही गर्न सक्नेछ ।

**२१. <u>विघटन गर्न सकिने:</u>** (१) कुनै उपभोक्ता समितिले देहाय बमोजिमको कुनै काम गरेको पाइएमा खानेपानी तथा जलश्रोत व्यवस्थापन समितिले त्यस्तो समिति विघटन गर्न सक्नेछ ।

- क. तोकिएको समयमा निर्वाचन नगराएको कारण खानेपानी तथा जलश्रोत व्यवस्थापन समितिले निर्वाचन गराउन दिएको निर्देशन पालना नगरेमा
- ख. लगातार दुई वर्षसम्म साधारणसभाको बैठक नबोलाएमा
- ग. लगातार दुई वर्षसम्म लेखापरीक्षण नगराएमा
- घ. समितिको सम्पत्ति हिनामिना वा अनियमितता गरेको पाइएमा
- ङ. प्रचलित कानून विपरितको कार्य गरेमा

२२. **<u>साबिकमा दर्ता भएका खानेपानी तथा जलश्रोत उपभोक्ता समिति अभिलेखीकरण गर्ने :</u>** (१) साबिकमा जलश्रोत ऐन, २०४९ तथा जलश्रोत नियमावली, २०५० बमोजिम जिल्ला विकास समितिमा रहेको जिल्ला जलश्रोत समितिमा दर्ता भइ संचालनमा रहेका उपभोक्ता समितिले यो कार्यविधि जारी भएको तीन महिनाभित्र नगरपालिकामा उपभोक्ता समिति अभिलेखीकृत गर्न सकिनेछ ।

(२) साबिकमा जलश्रोत ऐन, २०४९ तथा जलश्रोत नियमावली, २०५० बमोजिम दर्ता भई यो कार्यविधि लागू हुनुभन्दा अगावै म्याद समाप्त भएका उपभोक्ता समितिको हकमा यो कार्यविधि लागू भएको मिति देखि तीन महिना भित्र नियमानुसार नयाँ कार्यसमिति चयन गरी नगरपालिकामा निवेदन दिएमा एक पटकका लागि दर्ता गर्न पाउने अवसर प्रदान गर्न सकिनेछ ।

**२३. <u>संघ गठन गर्न सकिने:</u>** (१) नगरपालिका क्षेत्रभित्र संचालित खानेपानी तथा जलश्रोत उपभोक्ता समितिहरुमध्येबाट प्रतिनिधित्व हुने गरी एउटा नगरस्तरीय खानेपानी तथा जलश्रोत उपभोक्ता संघ गठन गर्न सकिनेछ ।

(२) सङ्घले आफ्नो प्रत्यक्ष रेखदेखमा रहने गरी मातहतका सम्पुर्ण उपभोक्ता समितिहरुको व्यवस्थित संचालन गर्न आवश्यक नीतिगत सहयोग एवं कार्यगत सहजीकरण गर्न सक्नेछ ।

**२४. <u>निर्देशन दिने :</u>** (१) नगरपालिकाले समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्वन्धित समितिको कर्तव्य हुनेछ ।

**२५. <u>दण्ड सजाय :</u>** (१) दफा ६ बमोजिम दर्ता नगराई समिति स्थापना गरेमा वा दर्ता नगरी समिति संचालन गरेको पाइएमा त्यस्ता समितिका सदस्यहरुलाई नगरपालिकाले जनही एक हजार रुपैया सम्म जरिवाना गर्न सक्नेछ ।

**२६. <u>खारेजी र बचाउ :</u>** (१) बेनी नगरपालिकाको खानेपानी तथा सरसफाई उपभोक्ता संस्था सम्बन्धी कार्यविधि, २०७७ खारेजी गरिएको छ ।

(२) यो कार्यविधि जारी हुनुभन्दा अघि गरिएका खानेपानी तथा सरसफाई उपभोक्ता संस्था दर्ताको कार्य यसै कार्यविधि बमोजिम भएको हुनेछ ।

**२७. <u>नियम बनाउने अधिकार :</u>** (१) यस कार्यविधिको उद्देश्य कार्यान्वयन गर्न नगरपालिकाले आवश्यकता अनुसार नियम बनाउन सक्नेछ ।

**२८. <u>बाधा अड्काउ फुकाउने अधिकार :</u>** (१) यो कार्यविधि कार्यान्वयनको सम्बन्धमा कुनै बाधा अड्काउ परेमा नगरकार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन आवश्यक व्यवस्था गर्न सक्नेछ ।

**२९. <u>थपघट, हेरफेर वा संशोधन :</u>** (१) कार्यपालिकाले यस कार्यविधिलाई आवश्यकता अनुसार थपघट, हेरफेर वा संशोधन गर्न सक्नेछ ।

(२) कार्यपालिकाले उपनियम (१) बमोजिम कार्यविधिमा थपघट हेरफेर वा संशोधन गरेको विषयको सुचना सर्वसाधारणको जानकारीको लागी प्रकाशन गर्नुपर्नेछ ।

अनुसुची—१

(दफा ६ को उपदफा (३) सँग सम्बन्धित)

निवेदन पत्रको ढाँचा

श्रीमान् नगर प्रमुखज्यू,
बेनी नगरपालिका, म्याग्दी ।

महोदय,

हामीले................................उपभोक्ता संस्था गठन गरी दर्ता गराउन चाहेकोले खानेपानी तथा जलश्रोत सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७९ को दफा (६) को उपदफा (३) बमोजिम उपभोक्ता संस्था दर्ता गराउन देहायको विवरण खुलाई प्रस्तावित उपभोक्ता संस्थाको एकप्रति विधान र एक हजार पाँच सय रुपैयाँ दस्तुर सहित दरखास्त दिएका छौं ।

**विवरणः**

१. उपभोक्ता संस्थाको नामः

२. कार्यक्षेत्रः

३. उद्देश्यहरूः

(क)

(ख)

(ग)

४. सदस्यहरूको नाम, ठेगाना, पेशा र ना.प्र.प.नं.

(क)

(ख)

(ग)

(घ)

(ङ)

(च)

(छ)

५. उपयोग गरिने जलस्रोतको विवरणः

(क) जलस्रोतका नाम र रहेको ठाउँः

(ख) जलस्रोतबाट गरिने प्रयोगः

(ग) उपभोक्ता संस्थाले उपयोग गर्न चाहेको जलस्रोतको परिमाणः

(घ) उक्त जलस्रोतको हाल भैरहेको उपयोगः

६. उपभोक्ता संस्थाले पुर्याउन चाहेको सेवा सम्बन्धी विवरणः

(क) सेवाको किसिमः

(ख) सेवा पुर्याउने क्षेत्रः

(ग) सेवाबाट लाभान्वित हुने उपभोक्ताहरूको संख्याः

(घ) भविष्यमा सेवा विस्तार गर्न सकिने सम्भावनाः

७. आर्थिक स्रोतको विवरणः

८. कार्यालयको ठेगानाः

**निवेदक,**

उपभोक्ता संस्थाको तर्फबाट दरखास्त दिनेको

सहीः

नामः

पदः

ठेगानाः

अनुसुची - २

(दफा ६ को उपदफा (३)(ख) सँग सम्बन्धित)

खानेपानी तथा जलश्रोत उपभोक्ता समितिले विधानमा खुलाउनुपर्ने कुराहरु

(क) पूरा नाम र ठेगाना

(ख) उद्देश्य तथा कार्यक्षेत्र

(ग) सदस्यको लागि योग्यता र सदस्यता शुल्क

(घ) सदस्यको निष्काशन राजिनामा

(ङ) हक दावी ,नामसारी वा हकवालाको मनोनयन

(च) साधारण सभा सम्बन्धी

(छ) सञ्चालक समितिको गठन (निर्वाचन एवं काम कर्तव्य तथा अधिकार सम्बन्धी)

(ज) सञ्चालक पदमा बहाल रहन नसक्ने अवस्था

(झ) सञ्चालक समितिको बैठक सम्बन्धी कार्यविधि

(ञ) कोष र लेखापरीक्षण

(ट) महशुल निर्धारण तथा सेवाशुल्क सम्बन्धी

(ठ) दण्ड जरिवाना सम्बन्धी

(ड) विधान संशोधन

(ढ) विघटन

(ण) विविध

अनुसुची - ३

(दफा ६ को उपदफा (८) सँग सम्बन्धित)

खानेपानी तथा जलश्रोत उपभोक्ता समिति दर्ता प्रमाणपत्र

बेनी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

बेनी, म्याग्दी

**प्रमाणपत्र**

दर्ता नम्बरः मितिः.....................

श्री (सम्बन्धित उपभोक्ता समितिको नाम)

..............................................

बेनी नगरपालिका नगरकार्यपालिकाको कार्यालय बेनी म्याग्दीको "खानेपानी तथा जलश्रोत उपभोक्ता समिति सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७९" को दफा ४ बमोजिम खानेपानी तथा जलश्रोत व्यवस्थापन समितिको मिति........................... गतेको निर्णयानुसार निम्न विवरणमा उल्लेख भए बमोजिम उपभोक्ता समिति/संस्था यस कार्यालयमा दर्ता गरी यो दर्ता प्रमाणपत्र प्रदान गरिएको छ । बेनी नगरपालिकाको खानेपानी तथा जलश्रोत उपभोक्ता समिति सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७९ बमोजिम आफ्नो कार्य सञ्चालन गर्नु होला ।

मुहानको नाम :...........................

**मुहानको चारकिल्लाको विवरण**

पूर्व :

पश्चिम:

उत्तर:

दक्षिण:

**कार्यालयको छाप**

**प्रमाणित गर्नेको**

सही:

नाम, थर:

पद:

**आज्ञाले**

**धोलकराज ढकाल**

**प्रमुख प्रशासकीय अधिकृत**